ॐ श्री साई राम

# श्री सत्य साई सेवा सङ्गठन नेपाल

## वार्षिक कार्यक्रम २०१८

### मूल नीति

श्री सत्य साई सेवा सङ्गठन नेपालले गरिरहेका क्रियाकलापलाई निरन्तरता दिदै **सङ्गठन सुदृढीकरण**को कुरालाई सन् २०१८ मा सङ्गठनले मूल नीतिका रूपमा लिनेछ । साथै भगवान् श्री सत्य साई बाबाको ९५औं शुभजन्मोत्सवका उपलक्ष्यमा भगवान्का चरणमा चढाउन सक्ने गरी केही सेवा परियोजनाको थालनी गर्ने पनि नीति लिइनेछ ।

### कार्यान्वयनको रणनीति

भगवान्को सन्देश प्रवाह गर्ने कामलाई केन्द्र विन्दु बनाई सङ्गठन सञ्चालन निर्देशिकाअनुसार सङ्गठन सञ्चालनको व्यवस्थालाई सुदृढ एवं अझ व्यवस्थित गरिनेछ । क्रियाशील गराउन बाँकी रहेका केन्द्र/भजन समूहलाई क्रियाशील गराउने कामलाई बढी प्राथमिकता दिइनेछ ।

### कार्यक्रम

भगवान् बाबाद्वारा अपेक्षित आध्यात्मिक जीवनपद्धति अवलम्बन गर्दै सङ्गठन सञ्चालन निर्देशिकामा उल्लेख भएका नियमित कार्यक्रमका साथसाथै सन् २०१८ मा देहायबमोजिमका कार्यक्रम सञ्चालन गरिनेछन् ।

### १) सङ्गठन सञ्चालन र सेवा विस्तार

(क) श्री सत्य साई सेवा सङ्गठन नेपालका सबै केन्द्र/भजन समूह, प्रदेश समितिहरू तथा अन्य निकायहरूले समेत सञ्चालन निर्देशिकाअनुसार सङ्गठन सञ्चालनको व्यवस्था मिलाउने ।

(ख) उपर्युक्तअनुसार भए नभएको बारे प्रदेश अध्यक्षले आफ्नो प्रदेशभरिका सबै केन्द्र/भजन समूहको अनुगमन वर्षमा कम्तिमा एकपटक गर्ने । राष्ट्रिय सेवा विस्तार संयोजक तथा उपसंयोजकहरूले प्रदेश विभाजन गरी प्रदेश अध्यक्षहरूसँग समन्वय गरेर अनुगमन गर्ने । साथै, राष्ट्रियस्तरका अन्य पदाधिकारीहरूले समेत प्रदेश अध्यक्षहरूसँग समन्वय गरी आ-आफ्नो फाँटको कामको कार्यान्वयनको अनुगमन गर्ने । क्रियाशील नरहेका वा अलि सुस्त रहेका केन्द्र/भजन समूहको स्थलगत निरीक्षण गरी समस्या पहिचान गर्ने, समाधानका उपायहरू अवलम्बन गरी क्रियाशील गर्ने कामलाई सेवा विस्तार फाँटले बढी प्राथमिकता दिने । यस सिलसिलामा प्रत्येक प्रदेशले आफ्नो प्रदेशका त्यस्ता सुस्त केन्द्र/भजन समूहलाई क्रियाशील गर्ने कामलाई यस वर्ष पूरा गर्ने ।

(ग) सङ्गठनको सेवा विस्तार गर्ने क्रममा सक्षम केन्द्र/भजन समूहहरूले आफ्ना अगुवाइमा नयाँ एकाइ खोल्नेतर्फ क्रियाशील हुने । यस सिलसिलामा सङ्गठनको सेवा नपुगेका जिल्लालाई प्राथमिकता दिने ।

(घ) भगवान् श्री सत्य साई बाबाको जीवनी र दर्शन तथा नेपालमा श्री सत्य साई सेवा सङ्गठनका कार्यकलापसम्बन्धी "**श्री सत्य साई दर्शन**" प्रर्दशनी ठाउँठाउँमा आयोजना गर्ने । सङ्गठनको सेवा नपुगेका जिल्लामा यस्ता प्रदर्शनी आयोजना गर्दा ग्राम/नगरसङ्कीर्तन, स्वास्थ्य शिविर, सामुदायिक भजन, सार्वजनिक सभा, सङ्गठनसम्बन्धी भिडियो प्रदर्शनजस्ता कार्यक्रम समावेश गरी तयार पारिएको '**सेवा विस्तार पोका**' सञ्चालन गर्ने । प्रत्येक प्रदेशले आफ्नो मातहतका सेवा नपुगेका जिल्लामध्ये कम्तीमा एक जिल्लामा सेवा पुऱ्याउने ।

(ङ) भगवान् श्री सत्य साई बाबाका फोटो, गोजीपात्रो, स्टिकरहरूका साथै भगवान् बाबाको सङ्क्षिप्त परिचय नामक पुस्तिका देशका विभिन्न भागमा निःशुल्क वितरणको व्यवस्था मिलाउने । विभिन्न प्रदेशको मागअनुसारको सामग्री राष्ट्रियस्तरमा तयार पारी विभिन्न ठाउँमा पठाउने व्यवस्था गर्ने ।

(च) प्रत्येक प्रदेशले आफ्ना मातहतका सबै जिल्ला सदरमुकाममा भएका सरकारी निकाय तथा बैङ्क/वित्तीय संस्थामा १/१ थान भित्तेपात्रो र गोजीपात्रो तथा बन्दी सुधारगृहमा दुई/दुई थान "सत्यदीप" उपलब्ध गराउने व्यवस्था मिलाउने ।

(छ) भगवान्को सन्देश जनमानसमाझ प्रवाह गर्न सक्षम केन्द्र/भजन समूहले Electronic Media उपयोग गरी 'E सन्देश' प्रवाहको व्यवस्था मिलाउने ।

(ज) भगवान् श्री सत्य साई बाबाको सन्देश तथा श्री सत्य साई सेवा सङ्गठनले नेपालमा सञ्चालन गरेको आध्यात्मिक, शैक्षिक एवं सेवा क्रियाकलापबारे जनमानसलाई प्रभावकारी रूपले जानकारी गराउने लेखहरू तयार पारी विभिन्न पत्रपत्रिकामार्फत प्रकाशन तथा रेडियोबाट प्रशारणको व्यवस्था मिलाउने । साथै यससम्बन्धी छोटाछोटा भिडियो तयार पारी विभिन्न टेलिभिजनमार्फत प्रसारणको व्यवस्था गर्ने ।

(झ) प्रत्येक प्रदेशमा भजन अगुवाको प्रशिक्षक प्रशिक्षण तालीमको आयोजना गर्ने ।

(ञ) प्रत्येक प्रदेशका केन्द्र/भजन समूहका पदाधिकारीहरूसँग सङ्गठन सञ्चालन सम्बन्धमा अन्तरक्रिया तथा केन्द्र/भजन समूहको सन् २०१७ (माघ २०७३ - पौष २०७४) को कार्यक्रम कार्यान्वयनको प्रगति समीक्षा

गर्नाका साथै सन् २०१८ को लक्ष्य निर्धारण गर्ने गरी केन्द्र/भजन समूहका पदाधिकारीका लागि विभिन्न प्रदेशमा देहायबमोजिम गोष्ठी सञ्चालन गर्ने ।

| प्रदेश समिति | स्थान | मिति |
|---|---|---|
| प्रदेश १ (क) र (ख) तथा प्रदेश २ का केन्द्र/भजन समूहका लागि | | २०७४ माघ ५ र ६ गते |
| प्रदेश ३ (क) र (ख) का केन्द्र/भजन समूहका लागि | श्री स.सा.के. | २०७४ पुस २१ र २२ गते |
| प्रदेश ४ र ५ का केन्द्र/भजन समूहका लागि | श्री स.सा.वृद्ध सेवा आश्रम, भैरहवा | २०७४ पौष २८ र २९ गते |
| प्रदेश ६ र ७ का केन्द्र/भजन समूहका लागि | श्री स.सा.के. सुर्खेत | २०७४ माघ १२ र १३ गते |

उपर्युक्तबमोजिमको कार्यक्रममा भाग लिन आउँदा प्रत्येक केन्द्र/भजन समूहका अध्यक्षहरूले तोकिएबमोजिमको सन् २०१७ को प्रगति विवरण फारम भरी अनिवार्य रूपले लिएर आउनुपर्ने छ । साथै २०१८ को प्रथम ६ महिना (आषाढ २०७५) को लक्ष्य निर्धारणका लागि आ-आफ्नो केन्द्र/भजन समूहमा छलफल गरेर आउनुपर्नेछ ।

## २) आध्यात्मिक फाँट

(क) प्रत्येक प्रदेश, केन्द्र/भजन समूहले आ-आफ्ना प्रदेश, केन्द्र/भजन समूहमा साधना शिविर आयोजना गर्ने र त्यस्ता शिविरमा जप (लिखितसमेत), ध्यान, वेद पारायणजस्ता साधनाका व्यावहारिक पक्षका साथै भगवान् बाबाको जीवनी र सन्देश, उहाँले देखाउनुभएको बाटो र हाम्रो प्रतिबद्धता, नौ सूत्रीय आचारसंहिता तथा दस दिव्यपथसम्बन्धी विषय पनि समावेश गर्ने ।

(ख) सङ्गठनभन्दा बाहिरका व्यक्तिहरूलाई पनि भगवान् बाबाको जीवनी र सन्देशसम्बन्धी जानकारी गराउने उद्देश्यले प्रत्येक केन्द्र/भजन समूहले सार्वजनिकस्थलहरूमा सार्वजनिक सभा र सामुदायिक भजनको आयोजना गर्ने ।

(ग) धर्म समभावलाई प्रोत्साहन हुने गरी प्रत्येक प्रदेशले स्थानीयस्तरमा विभिन्न धार्मिक समुदायसँग मिलेर उपयुक्त कार्यक्रम सञ्चालन गर्ने ।

(घ) प्रत्येक वर्षझैं यस वर्ष पनि सेप्टेम्बर २७ का दिन भगवान् श्री शिरडी साई बाबाको जन्मोत्सव हर्षोल्लासका साथ भव्य रूपमा मनाउने ।

(ङ) श्री सत्य साई सेवा सङ्गठनका सदस्यहरू तथा अरू जिज्ञासुलाई समेत भगवान्को जीवनी, महिमा र सन्देशबारे नियमित अध्ययनको व्यवस्था मिलाउन प्रत्येक केन्द्र/भजन समूहमा एउटा सानो दराजमा मात्र भए पनि श्री सत्य साई पुस्तकालयको व्यवस्था गर्ने र त्यस पुस्तकालयमा कम्तीमा श्री सत्य साई पुस्तक तथा प्रकाशन समितिबाट प्रकाशित सबै पुस्तक तथा पत्रिका राख्ने प्रबन्ध मिलाउने । साथै श्री सत्य साई श्रव्य दृश्य प्रशारण समितिबाट निकालिएका अडियो, भिडियो क्यासेट पनि राख्ने ।

(च) प्रत्येक केन्द्र/भजन समूहले भगवान् श्री सत्य साई बाबाले भौतिक शरीर त्याग गर्नुभएको अप्रिल २४ का दिन विशेष सेवा क्रियाकलाप सञ्चालन गरी भव्य रूपमा मनाउने । साथै प्रत्येक प्रदेशमा प्रदेश स्तरमा भगवान्को जीवनी र सन्देशको व्याख्या गर्दै गोष्ठी आयोजना गर्ने र त्यस्ता गोष्ठीमा विभिन्न धार्मिक समुदायका व्यक्तिहरूलाई समेत आमन्त्रित गर्ने ।

(छ) प्रत्येक केन्द्र/भजन समूहले भगवान् श्री सत्य साई बाबाको जन्मोत्सव नोभेम्बर १९ देखि २३ सम्म हर्षोल्लासपूर्वक मनाउने । सबै केन्द्र/भजन समूहले नोभेम्बर २३ का दिन विशाल सद्भाव र्‍याली आयोजना गर्ने । यस्ता र्‍यालीमा सङ्गठनभन्दा बाहिरका व्यक्तिहरूको सहभागितालाई प्रोत्साहित गर्ने । सम्भव भएसम्म वरिपरिका केन्द्र/भजन समूह मिलेर भव्य रूपमा र्‍यालीको आयोजना गर्ने । र्‍यालीमा सर्वधर्म झल्किने पोसाकमा बालविकासका बालिबालिका/युवाहरूलाई समावेश गराउने ।

(ज) प्रत्येक केन्द्र/भजन समूहले नवरात्रीताका शुभकामना आदानप्रदान गर्न "भक्तमिलन" कार्यक्रम आयोजना गर्ने । कार्यक्रममा अहिंसा, बलिप्रथाको अन्त्य तथा सात्विक भावको विकाससम्बन्धी भगवान् बाबाका सन्देशमा केन्द्रित रहेर प्रवचनको आयोजना गर्ने । यसमा सङ्गठन बाहिरका व्यक्तिहरूको सहभागितालाई प्रोत्साहित गर्ने ।

(झ) प्रत्येक केन्द्र/भजन समूहले आफ्ना प्रत्येक सदस्यले "इच्छाकटौती" कार्यक्रमलाई आध्यात्मिक साधनाका रूपमा अङ्गीकार गर्ने व्यवस्था मिलाउने । इच्छाकटौतीबाट जम्मा भएको स्रोतलाई सेवा कार्यमा लगाउने ।

(ञ) प्रत्येक केन्द्र/भजन समूहले अक्टोबर २० का दिनलाई अवतार घोषणा दिवसका रूपमा मनाउने । यस दिन केन्द्रीय स्तरबाट तोकिएको कार्यक्रम पनि सञ्चालन गर्ने ।

## ३) शिक्षा फाँट

(क) श्री सत्य साई शिक्षा प्रतिष्ठान नेपालसँग समन्वय गरी प्रत्येक प्रदेशले सरकारी एवं निजीस्तरका विद्यालयका शिक्षकहरूलाई श्री सत्य साई मानव अभ्युदय शिक्षासम्बन्धी परिचयात्मक कार्यक्रमलाई निरन्तरता दिने । यस्ता कार्यक्रममा सङ्गठनका सम्बद्ध पदाधिकारी (केन्द्रका अध्यक्ष, शिक्षा संयोजक, बालविकास गुरु) लाई पनि सहभागी गराउने ।

(ख) प्रत्येक केन्द्र/भजन समूहले कम्तीमा एउटा विद्यालयमा बालविकास र अर्को एक विद्यालयमा मानव अभ्युदय शिक्षा कार्यक्रम सञ्चालन गर्न मद्दत गर्ने ।

(ग) बालविकास कक्षा सञ्चालन गरिरहेका तथा विद्यालयमा मानव अभ्युदय शिक्षा लागू गर्न मद्दत गर्ने प्रत्येक केन्द्र/भजन समूहले अभिभावकका लागि सङ्गठनले स्वीकृत गरेको ढाँचाबमोजिम अभिभावनसम्बन्धी गोष्ठीको आयोजना गर्ने ।

(घ) केन्द्र/भजन समूहले सम्भव भएका जिल्लाहरूमा विद्यालयस्तरीय सरकारी एवं गैरसरकारी निकायसँग सम्पर्क गरी बालविकासका विद्यार्थीहरू तथा अरू विद्यालयका विद्यार्थीहरू समावेश गरी आध्यात्मिक हाजिरीजवाफ प्रतियोगिताको आयोजना गर्ने । यस्ता प्रतियोगिताका लागि श्री सत्य साई पुस्तक तथा प्रकाशन समिति नेपालबाट प्रकाशित सामान्यज्ञानको पुस्तकलाई आधार बनाउने तथा सो पुस्तक ती विद्यालयहरूमा समयमै पुऱ्याउने व्यवस्था मिलाउने । प्रत्येक प्रदेशले कम्तिमा एउटा यस्तो कार्यक्रम सञ्चालन गर्न विशेष पहल गर्ने ।

(ङ) गुरुपूर्णिमाका अवसरमा केन्द्र/भजन समूहले आफ्ना बालविकासका विद्यार्थीहरू र आफूले अङ्गीकार गरेका विद्यालयका विद्यार्थीहरूलाई समेत समावेश गराई एउटा शोभायात्रा आयोजना गर्ने । शोभायात्रामा विभिन्न सांस्कृतिक तथा धार्मिक विविधता झल्कने गरी पहिरनको व्यवस्था गर्ने ।

(च) प्रत्येक केन्द्र/भजन समूहले बालविकासका विद्यार्थीलाई 'इच्छाकटौती' कार्यक्रममा भाग लिन लगाई सोबाट बचत भएको रकम तिनै विद्यार्थीहरूबाटै नारायणसेवामा खर्च गर्ने व्यवस्था मिलाउने ।

(छ) महिनाको एक दिन बालविकासका तेस्रो समूह तथा पूर्व युवा समूहका विद्यार्थीहरूबाट केन्द्र/भजन समूहको भजन सञ्चालन गराउने । सेवादल परिचालन, भजन गायन, दिव्य सन्देशको व्याख्या तथा आरतिसमेत विद्यार्थीहरूबाटै गराउने ।

(ज) बालविकासका तेस्रो समूह तथा पूर्व युवा समूहका विद्यार्थीलाई केन्द्र/भजन समूह तथा सङ्गठनले सञ्चालन गर्ने भजन, गोष्ठी, सभाजस्ता कार्यक्रममा सेवादलमा समावेश गराई काम गर्न अभिप्रेरित गर्ने ।

(झ) प्रत्येक केन्द्र/भजन समूहले ईश्वराम्मा दिवसका दिन बालविकासका विद्यार्थीहरूद्वारा तयार पारिएको चित्रकला, हस्तकला तथा अन्य सिर्जनात्मक कलाहरूको प्रदर्शनी गर्ने ।

(ञ) बालविकासका प्रत्येक सक्षम विद्यार्थीले एकएकवटा बोटबिरुवा/वृक्ष अङ्गीकार गर्ने ।

(ट) प्रत्येक केन्द्र/भजन समूहले विद्यालय जान नसकेका बालबालिकाहरूलाई विद्यालय पोसाक तथा छात्रवृत्ति प्रदान गरी विद्यालय जान तथा नजिकको बालविकास कक्षामा सहभागी हुन प्रोत्साहित गर्ने ।

## ४) श्री सत्य साई शिक्षा प्रतिष्ठान नेपाल (Institute of Sri Sathya Sai Education Nepal)

(क) ईएचभी डिप्लोमा सञ्चालन गर्न विश्व परिषद्को निर्देशिकाका आधारमा तयार पारिएको पाठ्यक्रमअनुसार शैक्षिक सामग्री तयार गरी मानव अभ्युदय शिक्षाको डिप्लोमा कोर्स सञ्चालन गर्ने ।

(ख) सामुदायिक एवं संस्थागत विद्यालयका शिक्षकहरूका लागि "श्री सत्य साई मानव अभ्युदय शिक्षा : परिचयात्मक कार्यशाला" सातै प्रदेशमा सञ्चालन गर्ने । साथै विद्यार्थीका अभिभावकका लागि अभिभावनसम्बन्धी गोष्ठी पनि ठाउँठाउँमा सञ्चालन गर्ने ।

(ग) बालविकासका गुरुहरूका लागि ७ दिने आवासीय तालिम कार्यक्रम सञ्चालन गर्ने ।

(घ) सामुदायिक एवं संस्थागत विद्यालय तथा समुदायमा SSEHV कार्यक्रम लागू गर्न पहल गर्ने ।

(ङ) सङ्गठनबाहिरका पूर्वयुवाहरूलाई लक्षित गरी मानवीय मूल्यमा आधारित विषयमा कार्यक्रम तयार पारी सञ्चालन गर्ने ।

(च) काठमाडौँ र पोखरामा अवस्थित श्री सत्य साई विद्यालयलाई प्राज्ञिक सहयोग पुऱ्याउने र सुपरीवेक्षण गर्ने ।

## ५) सेवा फाँट

(क) विगत वर्षहरूमा सञ्चालित राष्ट्रियस्तरका सेवाका कार्यक्रमहरूलाई निरन्तरता दिने ।

(ख) स्वास्थ्य सेवालाई सेवाग्राहीको घरदैलोसम्म पुऱ्याउने उद्देश्यले सञ्चालित श्री सत्य साई घुम्ती स्वास्थ्य सेवा सबै प्रदेशमा पुऱ्याउने । यसको सञ्चालन राष्ट्रियस्तरमा गठित श्री सत्य साई घुम्ती स्वास्थ्य सेवा सञ्चालन समितिबाट गर्ने ।

(ग) हालका वर्षहरूमा देशका विभिन्न भागहरूमा शीतलहर चलेर जनजीवन कष्टकर भएको र कतिपयको मृत्युसमेत हुने गरेको पृष्ठभूमिमा जाडोयाममा जरुरतमन्द असहायहरूका लागि प्रत्येक केन्द्र/भजन समूहले कम्बल वितरणको सेवालाई निरन्तरता दिने । सन् २०१८ मा सबै केन्द्र/भजन समूह मिलेर देशभरमा ३,००० थान कम्बल वितरण गर्ने ।

(घ) सेवाको माध्यमबाट आध्यात्मिक उन्नतितर्फ समर्पित हाम्रोजस्तो संस्थामा सेवा कार्यलाई महत्वपूर्ण स्थान दिइएको पृष्ठभूमिमा प्रत्येक केन्द्र/भजन समूहहरूले आ-आफ्नो क्षमता र उपलब्ध जनशक्तिलाई विचार गरी सेवा कार्यमा संलग्न रहनुपर्दछ । नियमित सेवा क्रियाकलापका साथसाथै देहायका सेवा कार्यहरूमध्ये आफूले गर्न सक्ने सेवा कार्य छनोट गरी त्यस कार्यमा संलग्न हुने–

**सेवा कार्य :**

१. श्री सत्य साई छात्रवृत्ति

२. मन्दिर, पाटीपौवाको जीर्णोद्धार/सरसफाई

१३. मरणोपान्त नेत्रदानको व्यवस्था

१४. भगवान्को जन्मोत्सव र अन्य कार्यक्रममा

३. खानेपानी आयोजना निर्माण
४. अङ्गीकार गरेका गाउँमा सेवा/गाउँ अङ्गीकार नगरेका केन्द्र/भजन समूहले एक्लै वा अरू केन्द्रसँग मिलेर गाउँ अङ्गीकार गर्ने र सेवा पुऱ्याउने
५. मेडिकल क्याम्प
६. रक्तदान
७. मोतियाविन्दुको शल्यक्रियामा सहयोग
८. मुटुरोगीलाई सहयोग
९. वृक्षरोपण
१०. वृक्ष अङ्गीकार गरी स्याहार गर्ने
११. कृत्तिम अङ्गदान
१२. जीविकोपार्जनका लागि स्वरोजगार सेवा रिक्सा, ठेलागाडा, सिलाइबुनाइ मेसिन वितरण कम्बल/बस्त्रदान, नारायणसेवा
१५. अपाङ्गता भएका व्यक्तिलाई ह्वीलचियर/वैशाखी वितरण
१६. केन्द्रीय ट्रस्टद्वारा सञ्चालित स्वास्थ्य केन्द्र काठमाडौँ/स्वास्थ्य केन्द्र पोखरा/ वृद्ध सेवा आश्रम/ बाल सेवा आश्रम/ शौचालय/खानेपानीजस्ता सेवा कार्यमा सहयोग
१७. सङ्गठनको केन्द्रीय कार्यालय सञ्चालनमा सहयोग
१८. विशेष कम्बल दान
(क) २२ नोभेम्बर राति युवाले बाँड्ने
(ख) शीतलहरी चलेका बेला बाँड्ने
१९. जनावर सेवा (कम्तीमा हरेक अङ्ग्रेजी महिनाको २३ तारिखका दिन)
२०. आफूले रोजका अन्य सेवा

**(ङ) भगवान् श्री सत्य साई बाबाको ९५औँ शुभजन्मवर्षसम्बन्धी विशेष कार्यक्रम :**

भगवान् श्री सत्य साई बाबाको ९५औँ शुभजन्मोत्सव सन् २०२० को नोभेम्बर २३ का दिन भव्य रूपले मनाउन अहिलेदेखि नै तयारी थालनी गर्नुपर्ने भएको छ । सन् २०२० लाई शुभजन्मवर्षका रूपमा मनाउने क्रममा उक्त वर्षभरिमा सकिने गरी केही परियोजनाको थालनी र केहीको निरन्तरता दिने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

भगवान्को ९५औँ जन्मोत्सव मनाउन पाउनु हामी सबैका लागि ठूलो सौभाग्यको कुरा हो । खासगरी यस उपलक्ष्यलाई सेवाको ठूलो अवसरको रूपमा लिएर सेवाको निरन्तरता तथा नयाँ परियोजनाको थालनीबाट एकातिर जरुरतमन्दलाई सेवा पुग्न जान्छ भने अर्कोतर्फ हाम्रो आध्यात्मिक विकासमा पनि सघाउ पुग्छ । सेवाको माध्यमबाट भगवत्कृपा प्राप्त गर्न सक्षम हुन सकौँ भन्ने मनसायबाट सन् २०१८ देखि थाल्ने गरी देहायबमोजिमको परियोजनाहरू सञ्चालन गरिनेछन् । यसका अतिरिक्त कुनै केन्द्र भजन समूहले अरू थप परियोजना सञ्चालन गर्ने सोच राखेमा सोअनुसार पनि गर्ने गरी लक्ष्य निर्धारण गर्न सकिनेछ । ९५औँ शुभजन्मोत्सवका लागि दुई थरिका परियोजनाहरू छनोट गरिनेछ ।

(१) सङ्गठनले सम्पन्न गरेका देहायका ९ जिल्लाका साई ग्रामका परियोजनाहरूमा शिक्षा (Educare), स्वास्थ्य (Medicare) तथा अन्य सेवा (Sociocare) का क्रियाकलापलाई निरन्तरता दिने – लेले (ललितपुर), खाल्टे (नुवाकोट), सत्रसयफाँट (तनहुँ), बालुवा (काभ्रेपलाञ्चोक), बराह (गोरखा), बल्कोट (अर्घाखाँची), छतिवन (मकवानपुर), इरौँटार (इलाम), छिन्चु (सुर्खेत) ।

(२) देहायका नौवटा नयाँ परियोजनाको थालनी गर्ने :

(अ) काठमाडौँको श्री सत्य साई वाग्मती उद्यान परिसरमा सर्वधर्म स्तम्भ तथा साधना भवन निर्माण
(आ) कास्कीमा श्री सत्य साई विद्याश्रमको विद्यार्थी आवास भवन निर्माण
(इ) वास नभएका गाईलगायतका सडक जनावरलाई आवास तथा हेरविचारका लागि श्री सत्य साई जनावर सेवा आश्रमको निर्माण
(ई) चितवनमा श्री सत्य साई जलमन्दिर निर्माण
(उ) काठमाडौँको श्री सत्य साई स्वास्थ्य सेवा केन्द्रको स्तरोन्नति
(ऊ) धादिङको स्याङ्मैमा खानेपानीलगायतको एकीकृत सेवा परियोजनाको निर्माण
(ए) २०७४ सालका बाढीपीडितलाई आवास निर्माण
(ऐ) नुवाकोटको खाल्टेमा श्री सत्य साई सामुदायिक खानेपानी आयोजना
(ओ) चितवनमा श्री सत्य साई स्वास्थ्य सेवा केन्द्रको स्थापना

**(च) आयोजना अवलोकन भ्रमण**

सङ्गठनद्वारा सञ्चालित विभिन्न सेवामूलक आयोजनाहरूको समयसमयमा जानकारी गराइएको भए तापनि ती आयोजनाहरूको भक्तहरूबाट स्थलगत अवलोकन भ्रमण गर्ने गराउने व्यवस्था राम्रो हुन सकेको छैन । आयोजनाहरू निर्माण र सञ्चालनमा योगदान दिनुभएका भक्तहरूले आयोजनाहरूको स्थलगत अवलोकन भ्रमण गर्ने व्यवस्था हुन सके सेवा कार्यको नतिजाबाट प्रेरणा मिल्नुका साथै थप उत्साह र हौसलामा वृद्धि हुन सक्तछ । तसर्थ प्रत्येक प्रदेशले भक्तहरूलाई आयोजनाहरूको स्थलगत अवलोकन भ्रमण गर्ने गराउने व्यवस्था गर्ने ।

## ६) महिला फाँट

(क) सङ्गठनको जुनसुकै फाँटको क्रियाकलाप गर्दा पनि महिलाको सहभागितामा जोड दिने तथा सङ्गठनको नेतृत्व पङ्क्तिमा महिलालाई ल्याउन प्रोत्साहित गर्ने ।

(ख) प्रत्येक केन्द्र/भजन समूहले हरेक अङ्ग्रेजी महिनाको १९ तारिखलाई महिला दिवसका रूपमा मनाउँदै सो दिन महिला अध्ययनचक्र, भजन, तथा अन्य क्रियाकलाप सञ्चालन गर्ने ।

(ग) प्रत्येक केन्द्र/भजन समूहले महिला सीप विकासमा जोड दिने र महिलालाई आत्मनिर्भर हुन प्रोत्साहित गर्ने । साथै विपन्न तथा शारीरिक रूपले अपाङ्गता भएका महिलालाई स्वरोजगारका लागि सिलाइबुनाइ मेसिन उपलब्ध गराउने ।

(घ) तीज, दसैं, बुबाको मुख हेर्ने दिन, आमाको मुख हेर्ने दिन केन्द्र/भजन समूहका महिलाले नजिकका बन्दी सुधार गृह, वृद्धाश्रम तथा अनाथाश्रममा विशेष भजन सञ्चालन गर्ने, नारायणसेवा गर्ने, फोटो र विभूति वितरण गर्ने ।

(ङ) प्रत्येक केन्द्र/भजन समूहले अङ्गीकार गरेको गाउँमा महिलाहरूलाई समेटेर महिला आध्यात्मिक विकास कार्यक्रम सञ्चालन गर्ने । गाउँका विद्यालयका बालबालिकाहरूलाई सरसफाई तथा स्वस्थ रहनका लागि प्रोत्साहित गर्दै उनीहरूको नङ, कपाल, लुगा, जुत्ता, आदिको स्याहारसुसारसम्बन्धी सेवा पुर्‍याउने ।

(च) ग्रामीण भेगका महिलाहरूमा अशिक्षाका कारण व्याप्त स्त्रीरोगलाई मध्यनजर गरी स्त्रीरोगसम्बन्धी महिला मेडिकल क्याम्प तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

## ७) युवा फाँट

(क) सङ्गठनको जुनसुकै फाँटको क्रियाकलाप गर्दा पनि युवाको सहभागितामा जोड दिने तथा युवाको भूमिका वृद्धि गर्नेतर्फ प्रयत्नशील हुँदै सङ्गठनको नेतृत्व पङ्क्तिमा युवालाई पनि ल्याउन प्रोत्साहित गर्ने ।

(ख) प्रत्येक केन्द्र/भजन समूहले वृक्षरोपण, रक्तदान, वस्त्र तथा कम्बल वितरण, सरसफाइ, खानेपानीजस्ता क्रियाकलापहरू सञ्चालन गर्दा युवाहरूको अगुवाइमा गर्ने प्रबन्ध मिलाउने ।

(ग) केन्द्र/भजन समूहले महिनाको एक दिन युवाहरूबाट भजनको सञ्चालन गराउने । सेवादल परिचालन, भजन गायन, दिव्य सन्देशको व्याख्या तथा आरतिसमेत युवाहरूबाटै गराउने ।

(घ) युवाहरूको अगुवाइमा भगवान् बाबाको जन्मोत्सवका अवसरमा २२ नोभेम्बरका राति नारायणहरूलाई कम्बल वितरण गर्ने गरेको कार्यक्रमलाई निरन्तरता दिने ।

## ८) प्रकाशन तथा श्रव्यदृश्यतर्फ

(क) द्वैमासिक 'सत्यदीप'को सदस्य सङ्ख्या वृद्धि गर्ने ।

(ख) बालविकास तथा मानवीय मूल्यमा आधारित शिक्षासम्बन्धी पुस्तक तथा शिक्षण सामग्रीहरू तथा अन्य सान्दर्भिक पुस्तकहरू प्रकाशन गर्ने ।

(ग) प्रकाशित सामग्रीहरूको बिक्री वितरणमा प्रभावकारिता ल्याउन निजी क्षेत्रको सहभागितालाई बढावा दिने ।

(घ) 'साई सुमङ्गल' रेडियो कार्यक्रम देशका सम्पूर्ण भागमा सुनिने गरी प्रत्येक हप्ता नियमित रूपमा प्रसारण हुने व्यवस्था मिलाउने । यस वर्ष कम्तीमा पनि ६० स्थानबाट यो कार्यक्रमको प्रसारणको व्यवस्था मिलाउने ।

## ९) वातावरण जोगाऔँ (Go Green)

प्रकृति भगवान्बाट सृष्टिगत भएकाले यसको संरक्षण गर्नु मानवको प्रमुख कर्तव्यभित्रै पर्दछ । वृक्षरोपण, संरक्षण, अङ्गीकारजस्ता क्रियाकलापलाई निरन्तरता दिँदै प्रकृतिमैत्री अन्य क्रियाकलापसमेत समावेश गरी "वातावरण जोगाऔँ" को अवधारणालाई अभियानका रूपमा सञ्चालन गर्ने गरी देहायबमोजिमको कार्यक्रम सञ्चालन गरिनेछ ।

(क) प्रत्येक केन्द्र/भजन समूहमा 'वातावरण जोगाऔँ'को अवधारणासम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(ख) प्रत्येक केन्द्र/भजन समूहमा विशेषज्ञमार्फत वृक्षरोपण र स्याहार सम्भारसम्बन्धी सीपमूलक कार्यक्रम गर्ने ।

(ग) प्रत्येक केन्द्र/भजन समूहले आफ्ना सदस्यलाई घरको भान्साबाट निस्कने जैविक फोहरलाई मलमा परिवर्तन गर्ने प्रविधिबारे विशेषज्ञद्वारा जनकारी गराउने व्यवस्था मिलाउने र सोअनुसार घरघरमा गर्न सबै सदस्यलाई प्रोत्साहित गर्ने ।

(घ) श्री सत्य साई सेवा सङ्गठनअन्तर्गतका सबै केन्द्र/भजन समूह एवं अन्य एकाइमा पोलिथिन झोलाको प्रयोग निषेध गर्ने तथा त्यसको सट्टा प्रकृतिमैत्री झोलाको प्रयोगलाई प्रोत्साहित गर्ने । यसै क्रममा प्रत्येक केन्द्रले नागरिकहरूमा यससम्बन्धी जनचेतना जगाउने उद्देश्यले आफ्ना क्षेत्रभित्र प्रकृतिमैत्री झोला निःशुल्क वितरण गर्ने ।

(ङ) पानी, बत्ती, खाना, समय र पैसाजस्ता स्रोतहरू खेर नफाल्ने अभियान चलाउने । बिजुलीको खपत कम गर्न साधारण चिमको प्रयोगको सट्टा एलईडी बल्ब प्रयोग गर्ने ।

(च) प्लाष्टिकका गिलास, कागजका प्लेट, दूधको खाली प्याकेट, कागजजस्ता कुराहरू नियमित रूपमा पुनः प्रयोगमा ल्याउन तुल्याउने (Recycling) ठाउँमा पुर्‍याउने ।

(छ) केन्द्र/भजन समूहका युवा, बालविकासका बालबालिकाहरूमा प्रकृतिमैत्री चेतना जगाउने किसिमका विविध कार्यक्रमको आयोजना गर्ने ।

(ज) प्रत्येक केन्द्र/भजन समूहले आ-आफ्नो साधना भवनको हातामा तुलसी, स्थान भएमा बर, पिपलको बोट रोप्ने ।

(झ) यो कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गर्न राष्ट्रिय स्तरमा श्री सत्य साई वातावरण जोगाऔं (Go Green) समितिको स्थापना गर्ने ।

## १०) श्री सत्य साई केन्द्रीय ट्रस्ट नेपाल

श्री सत्य साई केन्द्रीय ट्रस्ट नेपालको विधान र श्री सत्य साई सेवा सङ्गठन नेपालको सञ्चालन निर्देशिकामा व्यवस्था भएका नियमित कामका साथै सन् २०१८ मा देहायबमोजिमका काम गर्ने :

(क) प्रदेश स्तरमा गठन भएका ट्रस्टका एकाइहरूलाई क्रियाशील गर्ने ।

(ख) राष्ट्रिय स्तरका परियोजनाहरूका लागि स्रोत परिचालन, कार्यान्वयन, अनुगमन एवं मूल्याङ्कनको व्यवस्था मिलाउने ।

(ग) विभिन्न प्रदेश, केन्द्र र भजन समूहको लेखापरीक्षणको कामलाई अद्यावधिक गराउने ।

(घ) श्री सत्य साई सेवा सङ्गठन नेपाल मातहतका सम्पूर्ण एकाइहरूमा रहेको सम्पत्ति विवरणको अभिलेख अद्यावधिक गर्ने ।